नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep
# ११
१८ असार २०७७

# दैनिक विपद् बुलेटिन

१७ असार बिहान १०:०० बजेदेखि १८ असार बिहान १०:०० बजे सम्म

नेपालमा आज बारा जिल्लाको २ स्थानमा परेको चट्याङ्गमा परी ४ जना महिलाको मृत्यु भएको छ भने ९ जना व्यक्ति घाईते भएका छन् । आजपनि झापा र पर्सा जिल्लामा आगलागी भएको छ । आगलागीबाट ३ जना व्यक्ति घाइते भएका छन् । अविरल वर्षाका कारण सप्तरीको एक स्थानमा गोठ पूर्णरुपमा भत्किएको छ ।

| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ४ | ० | ५ | १३ | १५,००,००० | ० | ० |

## घट्ना सारांश

- मुलुकभर गएको २४ घण्टामा विपद्का ५ वटा घट्नाहरु भएका छन् । **बारा** जिल्लाको कलैया उपमहानगरपालिका वडा नं. १२ सितलपुरमा खेतमा धान रोप्ने क्रममा २ जना व्यक्ति अचानक परेको चट्टयाङ लागी घाईते भई उपचारको लागी जिल्ला अस्पताल कलैया लैजाने क्रममा बाटोमा नै मृत्यु भएको छ । भने ३ जना घाईते भएका छन् । यसै गरी **बारा** जिल्लाकै फेटा गाउँपालिका वडा नं.- १ त्रिबेणी स्थित खेतमा धान रोपी रहेको अबस्थामा अचानक परेको चटयाङ्ग लागी २ जना व्यक्तिको घटनास्थलमा नै मृत्यु भएको ७ जना सामान्य घाईते भएका छन् ।



*फोटो: नेपाल प्रहरी*

*बारा जिल्लाको फेटा गाउँपालिका- १ त्रिबेणी स्थित घरमै चटयाङ्ग परेपछि मानिसको जमघट ।*

- **झापा** जिल्लाको भद्रपुर नगरपालिका वडा नं.-२ किच्कबधमा रहेको एकघरमा अचानक बिधुत सर्ट भई आगलागी हुँदा घर पुर्ण रूपमा जलेको र अन्दाजी रु. १२,००,०००/- बराबरको क्षति भएकोछ ।
- **पर्सा जिल्ला**को जगरनाथपुर गाउँपालिका वडा नं.- २ दसौतामा रहेको एक घरमा खाना पकाउने ग्याँस लिक भई आगलागी भएको छ । आगलागीमा परी ३ जना व्यक्ति घाईते भएको छ भने आगलागीबाट अन्दाजी रु.१,५०,०००/- बराबरको क्षती भएको छ ।
- **झापा** जिल्लाको महदेवा गाउँपालिका वडा नं. ३ मा एक गोठ पुर्णरुपमा भत्किई अन्दाजी रु.१,५०,०००/- बरावरको क्षती भएको ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट चटयाङ्गमा परी घाईतेहरुको उद्धार गरी उपचारका लागि वीरगञ्जतर्फ पठाएको छ । यसैगरी आगलागी भएको स्थानमा पुगी स्थानीय र दमकलको सहयोगबाट आगो पूर्णरुपमा नियन्त्रणमा लिएको छ ।

## विपद् विशेष

**दैलेख** जिल्लाको आठबीस नगरपालिका वडा नं.-१ को सात्तला भन्ने स्थानमा रहेको चिनेज्यूँला फाँटको छेउबाट बग्ने चिनेखोला (खहरे खोला) लगातारको बर्षातका कारण खेतमा पसेपछि यस क्षेत्रमा रहेका सबै खेत बगर बनेका छन् । त्यहाँको झण्डै ५ किलोमिटर क्षेत्रफलमा रहेको खेतहरु अहिले बगर बनेका छन् ।



*आठबीस नगरपालिका वडा नं.-१ को सात्तलामा पसेको बाढी ।*
*फोटो साभारः अन्नपूर्ण पोष्ट असार १७, २०७७*



*आठबीस नगरपालिका वडा नं.-१ को सात्तलामा पसेको बाढी ।*
*फोटो साभारः अन्नपूर्ण पोष्ट असार १७, २०७७*

बाढीले सिचाइँ कुलो र तटबन्ध बगाएको छ । निर्माण सकिएको र निर्माणाधिन अवस्थामा रहेको दुईवटा सिचाइँ कुलो र एउटा तटबन्ध बगाएको छ ।

## पूर्वानुमान

असार १८ (बिहिबार)

- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीहरुमा बहाव सामान्य बढ्दो क्रममा हुने मात्र हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा पनि बहाव बढ्दो क्रममा हुने र सतर्कता तलै हुने । कन्काई, कमला, बागमतीका केहि स-साना सहायक नदीमा बहाव सतर्कता आसपास सम्म पुग्न सक्ने ।
- आज पाँचथर ईलाम,झापा, मोरङ, सुनसरी, धनकुटा, खोटाङ, भोजपुर, उदयपुर, ओखलढुङगा, दोलखा, रामेछाप, , काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, सप्तरी, सिराहा, बारा, पर्सा, रौतहट, सर्लाही, सिन्धुली, मकवानपुर, नुवाकोट, रसुवा, गोरखा, लमजुङ, धादिङ, तनहूँ, लमजुङ, कास्की, बागलुङ, पर्वत, चितवन, नवलपरासी, रूपन्देही, गुल्मी, अर्घाखाँची, स्याङजा, रोल्पा, रूकुम, प्यूठान, दैलेख, जाजरकोट, सुर्खेत, बर्दिया,कैलाली, कञ्चनपुर, डोटी, डडेलधुरा र आसपास जिल्ला भई बहने केहि साना नदी जलाधारको केहि स्थानमा क्षणिक मध्यम बर्षा भई आसपासका केहि स-साना खोलाहरुमा बहाव बढ्न सक्ने र केहिमा सतर्कता आसपास सम्म पुग्न सक्ने ।

थप जानकारीका लागि **जल तथा मौसम विज्ञान विभाग**को वेभसाइटः http://hydrology.gov.np/